दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
वर्ष ३७ | अंक २१६ | बुटवल | २०८२ साउन १६ गते, शुक्रबार | नेपाल संवत ११४५ | Friday August 01, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

## सहकारी संकट :

# डिंगरनगर दूरगामीको छानबिन प्रतिवेदन बुझाइयो

**सहकारी ऐन नियमविपरीत ८० करोड बढी कारोबार भएको, करिब ३० करोड अपचलन भएको र १० करोड बढी हिनामिना (खाए–मासेको ) भेटिएको छ ।**



**टिआर शर्मा**

*बुटवल*

तिलोत्तमाको डिंगरनगर दूरगामी बहुउद्देश्यीय सहकारी संस्थाको बचत अपचलनबारे गठित आन्तरिक छानबिन समितिले प्रतिवेदन बुझाएको छ । सहकारीको समग्र लेखापरीक्षणसहितको प्रतिवेदन र ऋण प्रवाहमा भएका बद्मासीको अध्ययन गरी तयार प्रतिवेदन सहकारीका कोषाध्यक्ष सुरेन्द्रमान बज्राचार्य र आन्तरिक छानबिन समिति संयोजक एवं सहकारीका सल्लाहकार बेलप्रसाद शर्मालाई बुझाइएको हो । अडिटरहरु योगेन्द्र बास्तोला र विवेक चौधरीले २८ दिन लगाएर प्रतिवेदन तयार गरेका हुन् । अनुसूचीबाहेक ४३० पेजको प्रतिवेदन प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालयका प्रमुख दिनेशचन्द्र आचार्यलाई आजै हस्तान्तरण गरिने छानबिन समिति संयोजक शर्माले जानकारी दिए ।

'प्रतिवेदन आजै प्रदेशमा बुझाउँछौं, त्यसपछि उहाँहरु यहाँ आएर विस्तृत जानकारी दिनुहुन्छ ।'-शर्माले भने ।

छानबिन समितिमा रहेका एक सदस्यकाअनुसार सहकारी ऐन नियम विपरित ८० करोड बढी रकम अनियमित तरिकाले कारोबार भएको, करिब ३० करोड अपचलन भएको र १० करोड बढी हिनामिना (खाए-मासेको ) भेटिएको छ ।

**ऋण प्रवाहमा चरम लापरबाही, सफ्टवेयरबाट १३ हजार पटकसम्म अंक र अक्षर 'डिलिट'**

छानबिन समितिकासदस्यका अनुसार सहकारीका ५८५ ऋणीमध्ये करिब ५० जनालाई धितोबिना नै ऋण प्रवाह गरिएको पाइएको छ । धितो राखेर ऋण दिएको भनिएकाको धितो मूल्यांकन गरिएको छैन । धितो पनि नाम मात्रको देखिइएको लेखा परीक्षणका क्रममा पाइएको छ ।

सहकारीका करिब २ हजार बचतकर्ताको रकम बैंकमा जम्मा नगरी अध्यक्ष, सचिव र व्यवस्थापकको मिलेमतोमा निजी खातामा जम्मा गरेको, करोडौं रकम व्यक्तिगत तजविजमा लगानी गरेको, सहकारीको सफ्टवेयरमा १३ हजार पटकसम्म अंक र अक्षर 'डिलिट' गरिएको पाइएको उनको भनाइ छ ।

यस्तै सहकारीको सफ्टवेयर 'अफ आवर' अर्थात् कार्यालय बिदा भएपछिको समयमा चलाइएको, ऋण नलिएका व्यक्तिको नाममा ऋण देखाइएको र करिब ५० जनालाई विनाधितो ऋण प्रवाह गरिएको भेटिएको सहकारीका शेयर सदस्य कमल शर्मा पौडेलले बताए ।

ऋणका फाइलमा प्रकृया पूरा नगरिएको, १० लाखभन्दा माथिको फाइलमा इञ्जिनियरिङ भेलुयसन गर्नुपर्नेमा नगरिएको पाइएको शर्माले बताए ।

'धितो राखिएका खातामा पनि मूल्यांकन नभएको, नाम मात्रको धितो देखाइएको छ,' उनले भने-'सचिव रामबहादुर थापाले मात्रै ८७ पटक ऋण प्रवाह गरेको पाइयो, जसमा करिब ४३ करोड रुपैयाँ बराबरको ऋण सेवा शुल्कबिना प्रवाह गरिएको छ ।'

ऋण नलिएका व्यक्तिहरूको नाममा ऋण देखाई महिनाको अन्त्यमा देखिएको ऋण अर्को महिनाको पहिलो साता 'शून्य' बनाइएको समेत फेला परेको उनले बताए ।

नक्कली सदस्यहरु बनाएर ऋण लगानी गरेको, ऋण लगानी गरेको ६ महिनापछि सदस्य बनाएकोजस्ता बद्मासी भेटिएको उनले बताए ।

'६४ लाखको धितो मूल्यांकन गरेर १ करोड १४ लाख लगानी गरेको फाइल भेटियो, यस्ता अरु पनि होलान् ।'-संस्थाका सल्लाहकार शर्माले भने ।

**अध्यक्ष र सचिव एक महिनादेखि फरार**

सहकारीका अध्यक्ष घनश्याम तिवारी र सचिव रामबहादुर थापा एक महिनादेखि फरार छन् । फरार भएपछि पीडित बचतकर्ताले उनीहरुको घर र लुकेको आशंकामा आफन्तको घर समेत घराउ गर्दै आएका छन् । असार १७ देखि फरार दुवैजनाविरुद्ध रुपन्देही जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरिसकेको छ । तर, प्रहरी उनीहरूको खोजीमा गम्भीर नभएको भन्दै बचतकर्ता आक्रोशित छन् ।

तिवारी र थापा दुबै नेपाली कांग्रेसका स्थानीय नेता हुन् । पीडितहरूले उनीहरूलाई गृहमन्त्री नेपाली कांग्रेसको भएकाले संरक्षण गरेको आरोप लगाएका छन् । करोडौं बचत अपचलनको तथ्य बाहिरिएपछि तीनसय बढी बचतकर्ताहरुले प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालय र इलाका प्रहरी कार्यालय बुटवलमा सञ्चालकहरुविरुद्ध निवेदन दिएका थिए ।

उनीहरुले ठगी गर्नेहरुलाई मुलुकी अपराध संहिता, २०७४ परिच्छेद २१ को दफा २४९ बमोजिम कारबाहीको माग गरेका छन् । सहकारीका अधिकांश पदाधिकारी र सञ्चालक समिति सदस्य नेपाली कांग्रेसका स्थानीय नेता कार्यकर्ता छन् ।

अध्यक्ष तिवारी गत स्थानीय निर्वाचनमा कांग्रेसको तर्फबाट वडाध्यक्षको उम्मेदवारका आकांक्षी थिए । तर, अन्तिममा उनले टिकट पाएनन् ।

सहकारीका सचिव थापा कांग्रेस तिलोत्तमा नगर समितिका पूर्वसचिव हुन् । सह-कोषाध्यक्ष केशरी पाण्डे कांग्रेस तिलोत्तमा नगरपालिका-३ की सभापति हुन् । १३ सदस्यीय सञ्चालक समितिमा तीनजना बाहेक सबै नेपाली कांग्रेसका स्थानीय नेता कार्यकर्ता छन् ।

सहकारीमा एउटै दल निकट र अध्यक्ष पक्षधरहरु हावी भएपछि बदमासी भएको र ऐन, विधिको कुरा उठाउनेहरुलाई सञ्चालकमा आउन रोक्ने गरिएको सेयर सदस्यहरुको गुनासो छ ।

सहकारीका व्यवस्थापक वसन्त पराजुली भने प्रहरी हिरासतमा छन् । पराजुलीले अध्यक्ष र सचिवको निर्देशनमा आफूले काम गरेको बयान प्रहरीलाई दिएका छन् । अनुसन्धानमा संलग्न एक प्रहरीका अनुसार पराजुलीले आफूले २ देखि ३ करोड रकम चलाएको र बाँकी रकमका विषयमा जबर्जस्ती तमसुक गर्न लगाएको बयान दिएका छन् । तर, कार्यालयमा नै उनले करिब ९ करोड रकम अपचलन गरेको तमसुक नै भेटिएको छ ।

व्यवस्थापक पराजुली सम्पर्कविहीन भएकै अवस्थामा पराजुलीकी श्रीमती बिना पराजुलीले तीन हप्ताअघि जिल्ला अदालत रूपन्देहीमा सम्बन्धविच्छेदको मुद्दा दर्ता गरेकी थिइन् ।

आफ्नो नाममा रहेको जायजेथा समेत तानिने डरले उनीहरूले सम्बन्धविच्छेदको लागि अदालतमा निवेदन दिएको भन्दै बचतकर्ताहरूले सचिवले जस्तै गर्नसक्ने भन्दै अध्यक्ष र सचिवको घर पनि घेराउ गर्दै आएका थिए । २०५० सालमा स्थापित यो सहकारीको ३८ करोड रुपैयाँ पुँजी रहेको छ ।

अध्यक्ष तिवारी १७ वर्षदेखि अध्यक्ष पदमा रहेका र सञ्चालक समितिमा एउटै दलका मान्छेको वर्चस्व रहेकाले मिलेमतोमा बचत अपचलन भएको आरोप छ ।

प्रदेश सहकारी ऐन, २०७६ को दफा ३७ को उपदफा (१) मा, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन नपाउने व्यवस्था छ ।

यो ऐन बन्नुभन्दा अगाडि पनि नेतृत्वमा दुई कार्यकालभन्दा बढी बस्नु संघीय कानुनविपरीत छ । तर स्थानीय कांग्रेस नेता तिवारी राजनीतिक शक्तिको आडमा ऐनलाई कुल्चेर यो सहकारीमा १७ वर्षदेखि अध्यक्ष पदमा छन् ।

अध्यक्ष र  सचिव थापाले घडेरी, होटल तथा चुनढुंगा खानीमा लगानी गरेको सेयर सदस्यहरुको दाबी छ । बचतकर्तालाई रकम फिर्ता दिने निर्णयको माइन्युट नै च्यातेर फरार भएपछि उनीहरूले अरु रकम पनि हिनामिना गरेको अनुमान छ ।

सहकारी ऐन, निर्देशन तथा मापदण्डअनुसार सहकारीका सञ्चालकले बचत रकमको पाँच गुणा वा बढीमा पाँच लाखमध्ये जुन कम हुन्छ, सो बराबरको रकम मात्र बिनाधितो ऋण लिन सक्छन् ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी गणेश सापकोटाले फरार अध्यक्ष र सचिवको खोजी जारी रहेको र छिट्टै पक्राउ पर्ने दाबी गरे ।

## पाँच करोड ९० लाख रकम हिनामिना प्रकरण:

# सहकारीका अध्यक्ष पक्राउ




भैरहवा । रुपन्देहीको सिद्धार्थनगर ५ मा रहेको मार्गदर्शन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष अशोक केसी पक्राउ परेका छन् । मार्गदर्शन सहकारीका शेयरधनी तथा बचतकर्ताको रकम हिनामिना तथा अपचलन गरेको कसुरमा प्रहरीले दोलखाको साविक डाँडाखर्क गाविस वडा नम्बर ७ (हाल मेलुङ गाउँपालिका वडा नम्बर ६) बस्ने ३४ वर्षीय केसीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रहरी नायव उपरीक्षक (डीएसपी) गणेश सापकोटाले जानकारी दिए ।

सिद्धार्थनगर नगरपालिका वडा नम्बर ५ मैत्रीपथमा रहेको सहकारीमा केसीले शेयरधनी तथा बचतकर्ताको ५ करोड ९० लाख ८४ हजार १ सय ६५ रुपैयाँ हिनामिना गरी फरार रहेका थिए । केसीविरुद्ध जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा गत बैशाख २० गते सहकारी ठगीसम्बन्धी कसुरमा मुद्दा दर्ता भइ अनुसन्धान सुरु भएको थियो । प्रहरीले केसीलाई जिल्ला अदालतबाट पक्राउ अनुमति लिइ खोजी गर्दै आएको थियो । खोजी गर्ने क्रममा साउन १४ गते प्रहरी वृत्त ठिमी भक्तपुरको सहकार्यमा भक्तपुरको मध्यपुर ठिमी नगरपालिका-३ गठ्ठाघरबाट पक्राउ गरी रुपन्देही ल्याइएको डीएसपी सापकोटाले जानकारी दिए । केसीलाई थप अनुसन्धनका लागि अदालतमा पेस गरिएको छ ।

# विद्यालयको खाजामा कोदोको परिकार अनिवार्य




**प्रकाश डोटेल**

*स्याङ्जा*

स्याङ्जाको फेदीखोला गाउँपालिकाले विद्यालय पोषण कार्यक्रममा हप्ताको दुई दिन कोदोबाट बनेको परिकार खुवाउन अनिवार्य गरेको छ । गाउँपालिकाको चमेना गृहमा पनि साताको एक दिन कोदोको परिकार खुवाउनुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छ ।

गाउँपालिकाले कोदो उत्पादन, प्रवर्द्धन र उपयोगमा प्राथमिकता दिँदै गाउँपालिकाका विद्यालय, वडा कार्यालय, चमेना गृह, सभा-सेमिनार स्थलहरूमा कोदोबाट बनेका परिकारहरूलाई प्राथमिकता दिई अनिवार्य रूपमा प्रयोग गर्ने निर्णय गरेको छ । चमेना गृहले भने साताको एक दिन कोदोको परिकार खुवाउनु पर्ने भएको छ ।

बहुउपयोगी, पोषणयुक्त र स्थानीय खाद्यान्न कोदोको प्रवर्द्धन र संरक्षण गर्नुका साथै स्वस्थ्यकर जीवन जीउने उद्देश्यले कोदोको खाजाको व्यवस्था गरेको गाउँपालिकाले जनाएको छ । विद्यालय पोषण कार्यक्रमअन्तर्गत गाउँपालिकाका सबै विद्यालयमा हप्तामा दुई दिन कोदोबाट बनेका परिकार (ढिँडो, मःम, तावा रोटी, पुवा, सेलरोटी, कोदोको चिउरा, हलुवा) लगायतका दिवा खाजा उपलब्ध गराउने निर्णय गरेको अध्यक्ष घनश्याम सुवेदीले जानकारी दिए ।

आज साउन १६ गते पर्ने राष्ट्रिय कोदो दिवसदेखि निर्णयलाई कार्यान्वयनमा लगिने अध्यक्ष सुवेदीले बताए । सरकारले प्रथम राष्ट्रिय कोदो दिवस आजकै दिन मनाउने निर्णय गरेको छ । गाउँपालिकाले यसअघि नै कक्षा ६ को स्थानीय पाठ्यक्रममा 'हाम्रो फेदीखोला'अन्तर्गत 'कोदोः बहुपयोगी खाद्यान्न' शीर्षकको पाठ २०७७ सालदेखि समावेश गरेको छ ।

कोदोको प्रवर्धन

कोदो उत्पादनमा जोड दिन र प्रवर्धन गर्न पालिकाले आज फेदीखोला गाउँपालिका १, रामकोटमा 'कोदो रोपाइँ' आयोजना गरेको छ । रोपाइँमा कोदोबाट निर्मित परिकारको प्रदर्शनी, यसको महत्व र बहुउपयोगकाबारेमा जानकारी दिइने उद्देश्य रहेको उपाध्यक्ष देउकुमारी गुरुङले बताइन् ।

कोदोमा सबै प्रकारका पौष्टिक तत्व पाइने भएकाले पछिल्लो समय कोदोबाट बनेको परिकार खानेको संख्यामा वृद्धि हुँदै गएको छ । फेदीखोलाले कोदोको प्रवर्धनमात्र नभई स्थानीयपन, स्वास्थ्य र आत्मनिर्भरताको सन्देश दिने प्रयास गरेको उपाध्यक्ष गुरुङले जानकारी दिइन् ।



## सम्पादकीय

# अशान्त लुम्बिनीलाई शान्त बनाऊ

शान्तिका अग्रदुत गौतमबुद्धको जन्मभूमि लुम्बिनी संसारभरका बौद्धमार्गीहरूको आस्थाको केन्द्र हो । शान्ति र अहिंसाका प्रवर्तक गौतमबुद्ध बौद्ध धर्मावलम्बीका लागि मात्र नभई संसारभरका अहिंसा र शान्तिप्रेमीहरुका आस्थाका धरोहर हुन् । यसैले संसारभरको ध्यान लुम्बिनीमा तानिन्छ ।

संसारले चिहाइरहेको लुम्बिनी अहिले अशान्त छ । अशान्त लुम्बिनीलाई शान्त बनाउन पहलकदमी भएको छैन । जिम्मेवारी लिएर अशान्त लुम्बिनीलाई शान्त बनाउने प्रयत्न नहुँदा गलत सन्देश प्रवाह भइरहेको छ । लुम्बिनीप्रति नकारात्मक सन्देश प्रवाह गर्नेहरुलाई बल पुगिरहेको छ । लुम्बिनीमा भइरहेको निरन्तरको धर्ना र जुलुसले नकारात्मक सन्देश प्रवाह भइरहेको छ । कर्मचारीहरुले विभिन्न माग राखेर निरन्तर धर्ना गरिरहेका छन् । उनीहरुले प्रक्रिया पुरा गरेर स्थायी गर्नेदेखि विभिन्न माग राखेका छन् । उनीहरुका माग पूरा गर्न सकिने नसकिने बारे बोल्ने कोही भेटिदैन् । कोषका सदस्य सचिवले कार्यकाल नसकिँदै राजीनामा दिएर हिंडेका छन् । उपाध्यक्ष पनि लुम्बिनीमा छैनन् । कोषाध्यक्ष तीन महिनादेखि बिरामी भइ काठमाडौंमा छन् । कोषको विनियमावली–२०७४ ले कोषको कार्यकारी सदस्यसचिवलाई मानेको छ । कोषको कार्यकारी सदस्य सचिवले राजीनामा दिएकाले अब आन्दोलनरत कर्मचारीसँग संवाद कसले गर्ने ? भन्ने प्रश्न उठेको छ ।

अहिले कोषमा ४० स्थायी र १ सय ७७ जना सेवा करारका कर्मचारी छन् । कोषमा मनपरी सेवा करारमा कर्मचारी राख्दा अहिले गलपासो भएको छ । अहिले उनीहरुले प्रक्रिया पुऱ्याएर स्थायी गर्नुपर्ने भन्दै आन्दोलनमा उत्रेका छन् । कोषका पदाधिकारीले मनपरी ढंगले निकटका व्यक्तिलाई दिएको नियुक्तिले आवश्यकताभन्दा बढी कर्मचारी थुप्रिएका छन् । अहिले तिनै कर्मचारीको आन्दोलनको मारमा लुम्बिनी परेको छ । व्यक्तिगत स्वार्थपूर्तिका लागि गरेको आन्दोलनको असर लुम्बिनीले ब्यहोर्नुपरेको छ । यो बेला कर्मचारीसँग छलफल गरी आन्दोलन स्थगित गर्नु उत्तम उपाय हो । प्रक्रियागत र विधिसम्म माग पूरा गर्न कोषले पहलकदमी लिनुपर्छ । त्यो विषयमा कर्मचारी सहमतिमा आउनुपर्छ ।

लुम्बिनीप्रति विश्वभर नकारात्मक सन्देश प्रवाह भयो भने आगामी दिनमा त्यसको असर देखिने छ । कोषका सदस्य सचिवले राजीनामा दिएकाले कर्मचारीले तत्कालका लागि आन्दोलन स्थगित गरेर अघि बढ्नु नै राम्रो विकल्प हो ।

कोषका पदाधिकारीले  समस्या समाधान गर्न नसक्ने अवस्था आए पर्यटन, नागरिक उड्डयन तथा संस्कृति मन्त्रालयले समस्या समाधानको पहलकदमी लिनुपर्छ ।

## मोहन विक्रम खुला राजनीतिमा :

# मर्ने बेलामा हरियो काँक्रो



विन बहादुर कुँवर

*मार्क्सवाद वैज्ञानिक र भौतिकवादी यथार्थवाद हो । जस्तो छ त्यस्तै । मार्क्सवादीहरुले आफ्ना विचार सिद्धान्त र राजनीति साथै जीवनशैली सबै खुलम्खुला सावैजनिक रुपले जनतालाई भन्छन् । तर अवसरवादीहरु यसको ठीक विपरीत षड्यन्त्र, जालझेल, ढोङ र यस्तै रहस्यमाथि बसी राजनीति गर्छन् । अवसरवादको अन्तिम परिणाम विसर्जनवाद नै हो । जुन एउटा उदाहरण रिम जसको संस्थापकमध्येका एउटा नेता क. मोहन विक्रम पनि थिए । त्यसका प्रमुख अध्यक्ष वम अवाओकिङ जसको अध्ययन र लेखन मार्क्स-एंगेल्स र लेनिनभन्दा पनि बढी छ भनिन्थ्यो । तर अहिले मार्क्सवाद नै असफल भयो भन्दै हाम्रा बाबुराम भट्टराई जस्तै विसर्जनवादको वकालत गर्दैछन् ।*



हालै बसेको नेकपा (मसाल) को केन्द्रीय कमिटीको बैठकले पार्टीका महामन्त्री क. मोहन विक्रम सिंहलाई सार्वजनिक रुपले नै खुल्ला गर्ने निर्णय गरेको छ । आजसम्म क. मोहन विक्रम कहिले बाहिर खुल्ला देखिने र कहिले भूमिगत भई बस्ने अर्ध भूमिगत रहँदै आएका थिए । तर अब यो उनको कथित अर्ध भूमिगत अवस्था हटेको छ भने पूर्ण खुला अर्थात् सार्वजनिक भई देखिने पार्टी निर्णय भएको छ । मसाल पार्टी र स्वयं क. मोहन विक्रमको यो निर्णयप्रति धेरैले समर्थन र व्यंग्य प्रकट गरिरहेका छन् ।  मसाल वा राजमो पार्टी नेता- कार्यकर्ता र समर्थकहरुले यसको समर्थन र स्वागत गर्ने नै कुरा भयो । पार्टी अनुशासन र निर्देशनको प्रश्न उठ्छ । तर कतिपय पूर्व मसाल पार्टीका नेता-कार्यकर्ताहरुले भने यसको व्यङ्गात्मक टिप्पणी गरी आआफ्ना भनाइ व्यक्त गरिरहेका छन् । कसैले यसलाई मर्ने बेलामा कमिलाका पनि पखेटा पलाए जस्तै भनेका छन् भने कसैले मर्ने बेलामा हरियो काँक्रा अनि कसैले जन कलाकार खुसिराम पाख्रिनको गीत फाटेको जालले छेकेको छेके पनि छर्लङ्गै देखेको भन्दै व्यंग्य गर्ने गरेका छन् । जे होस् यी दुवैमा आ-आफ्नै खाले तर्क र विचारहरु छन् । कसैले यसलाई क. मोहन विक्रमको ढोङ र पाखण्ड भनिरहेका छन् भने कसैले यसलाई सही र यथार्थवादी सोंच र निर्णय भनिरहेका छन् । यी दुईमध्ये सही र यथार्थ के हो ? यसबारे केही चर्चा गरौं ।

कुनै पनि पार्टी वा त्यसका नेता-कार्यकर्ता भूमिगत वा खुल्ला यो तत्कालीन देशको वस्तुगत परिस्थितिमा निर्भर हुन्छ । यो सैद्धान्तिक निरपेक्ष नभएर समय सापेक्षमा भर पर्दछ । हिजो पञ्चायती कालमा दलमाथि पूर्ण प्रतिबन्ध थियो । त्यो बेला पार्टी र पार्टी नेता-कार्यकर्ता स्वत प्रतिबन्ध र भूमिगत नै हुनुपर्ने बाध्यता  थियो । कांग्रेसी पार्टी र पार्टी नेता कार्यकर्ताप्रति भने अलि फरक थियो । पार्टी नामका अघि प्रतिबन्धित अर्थात् प्रतिबन्धित ने.का.र त्यसका नेता-कार्यकर्ता भनी पार्टी गतिविधि हुन्थे । तर कम्युनिष्ट पार्टी र त्यसका नेता र कार्यकर्ताप्रति प्रतिबन्ध लगाइएको थियो । त्यसबेला पार्टी गतिविधि भूमिगत हुने र गर्ने बाध्यता थियो । तर २०४६ सालपछि पार्टी माथिको प्रतिबन्ध हटयो । सबै खुला, बहुदलीय प्रतिस्पर्धा । अनेक थरी दलहरु निर्माण भए । ने.का., नेकपा (माले), चौ.म. आदि सबै खुला भए । तर पनि तत्कालीन मसाल पार्टी खुला भएन । भूमिगत नै राखियो । भूमिगत यस अर्थमा राखियो कि अहिले पनि सामन्ती निरंकुशताअन्तर्गत शाही शासन सत्ता यथाथत छ, जनतन्त्र र मानव अधिकारको अहिले पनि कुनै ग्यारेन्टी छैन । सारमा अहिले पनि देशको सार्वभौम सत्ता जनतामा हस्तान्तरण भएको छैन । त्यसका लागि संविधानसभाको जरुरी छ भन्ने आधारमा पार्टी भूमिगत तर कार्यक्रम र राजनीतिक प्रचारप्रसारमा खुला गर्ने भनियो । त्यसका लागि केही नेता खुला गर्ने बताइयो ।

यही प्रसंगमा २०४६ सालपछि पार्टीको एउटा कार्यक्रममा अब स्वयं पार्टी महासचिव क. मोहन विक्रम नै खुल्ला भई आन्दोलन र संघर्षको नेतृत्व गर्नु पर्दछ भन्ने मेरो प्रस्ताव थियो । तर त्यसलाई स्वीकार गरिएन । अरु कसैलाई प्रवक्ता बनाई डुलाइयो । बरु मालेले मदन भण्डारी, झलनाथ खनाल आदिलाई खुल्ला मैदानमा उतारी पार्टीको प्रचारप्रसार र कार्यक्रम अघि बढ्यो ।  चौ.म. बाट निर्मल लामा, मोटो मशालबाट  भक्त बहादुर श्रेष्ठ आदि खुल्ला जनतामा आए । तर मसालका भने प्रमुख नेता भूमिगत । पार्टी प्रचार र गतिविधि सब केही जनवर्गीय संगठनका नेताहरुबाट मात्र हुन गयो । तैपनि त्यतिबेलाको मेरो त्यो प्रस्तावलाई बल्ल अहिले ३६ वर्षपछि मसाल पार्टीले स्वीकार गरेको छ ।  बधाई र धन्यवाद छ क. मोहन विक्रमलाई । तत्कालीन पार्टीको राजनीतिक कार्यदिशा शान्तिपूर्व जनसंघर्षको भने पछि पार्टी, पार्टी नेता र कार्यकर्ताहरुलाई भूमिगत नै राखिरहनुको कुनै औचित्य नै थिएन । त्यो केवल क्रान्तिकारी लफ्फाजी र ढोङ मात्रै थियो । तैपनि मसालमा त्यसको खेती अहिलेसम्म त्यसरी नै चल्दै आयो । बल्ल अहिले भयो क. मोहन विक्रमको खुल्ला ? मर्ने बेलामा हरियो काँक्रो ।

हिजो पञ्चायती कालमा पार्टी र पार्टी नेता कार्यकर्ताहरु भूमिगत हुनु बाध्यता थियो । तर २०४६ सालपछि अहिलेसम्म पनि पार्टी र पार्टीको मुख्य नेतृत्व भूमिगत नै भइरहनु माथि भने जस्तै क्रान्तिकारी लफ्फाजी र ढोङ मात्रै हो । जबकि मसालका थुप्रै नेताहरु संसदीय निर्वाचन लडी सांसद बने । सांसद मात्रै होइन मन्त्री नै बने । वर्तमान यो राज्य व्यवस्थाको उपयोगको नाममा यही व्यवस्थाकै सांसद मन्त्री बनी यसैमा डुबुल्की मारी यसको स्वाद खाइरहने तर पार्टी र यसक नेता भूमिगत ! कस्तो अचम्म छ ? यो राज्य व्यवस्था अन्तर्गतका तीन अंग  कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका यी सबमा समावेश भई बस्ने तर भन्ने आफू भूमिगत । जो कोही पनि रहरले स्वयं भूमिगत हुँदैन । बाध्यता र विवशताले हुने हो भूमिगत । हिजो पञ्चायती कालमा भूमिगत हुनु बाध्यता थियो । तत्कालीन राज्यले नै पार्टीमाथि प्रतिबन्ध लगाएको थियो । त्यस्तै १० वर्षे माओवादी जनयुद्धमा माओवादी पार्टी र नेताहरुमाथि त्यस्तै प्रतिबन्ध थियो । स्वयं माओवादीहरुले नै स्वघोषणा गरेर भूमिगत भएका थिएनन् । तर मसाल पार्टी र त्यसका नेताहरु त्यत्तिकै स्वघोषित भूमिगत आजसम्म । न पार्टीमाथि कुनै प्रतिबन्ध छ न पार्टी नेता र कार्यकर्ताहरुलाई कुनै वारेन्टेट र गिरफ्तारी नै छ । खाली दुनियाँलाई देखाउन मात्र भूमिगत ।  पार्टीको तत्कालीन कार्यदिशा शान्तिपूर्ण जनसंघर्षको सारमा भन्दा संसदवादी चुनावी मात्र सशस्त्र संघर्ष भन्दा बित्तिकै अत्तालिने अनि केको विगत र केको भूमिगत पार्टी र पार्टी नेता ? आखिर पूर्व मसालका नेता विमल शर्माले भने जस्तै फाँटेको जालले छेकेको छेके पनि छर्लङ्गै देखेको हेर गाउँले हो मसालमा आज के-के भो ।

वास्तवमा व्यक्तिगत रुपमा भन्ने हो भने क. मोहन विक्रम आफैं स्वघोषित भूमिगत नेता मात्र हुन् । अहिलेसम्म उनीप्रति त्यस्तो कुनै प्रतिबन्धित सरकारी मुद्दा मामिला नै भएको पाइदैन । खाली पञ्चायतीकालमा प्रतिबन्धित पार्टी खोलेको अर्थमा नै उनलाई भूमिगत नेता भनिएको हो । तै पनि हिजो पञ्चायती कालमा उनको भेटघाट सम्बन्ध पूर्व पञ्चे शासकहरु जस्तो कमलराज रेग्मी, खडक बहादुर जी.सी., शैलेन्द्र कुमार उपाध्याय आदिसित भइरहने बताइन्थ्यो । कमलराज रेग्मीलाई त उनको मृत्युपछि मसाल पार्टीले पार्टी सदस्यता नै दिएको भनिएको छ । यसै प्रसंगमा २०४५/२०४६ सालको जनआन्दोलनको क्रममा काठमाडौं रहँदा क. मोहन विक्रमको भूमिगत डेन वा स्थल कुनै एक तत्कालीन शाही सैनिक कर्नेलको घर भएको कुरा तत्कालीन विद्यार्थी नेता टोपबहादुर रायमाझीले बताएका थिए भने त्यसको पुष्टि एक पूर्व दरबारिया जुन पछि ज्ञानेन्द्र शासन कालमा माओवादीसितको वार्ता टोलीका सदस्यले पनि गरेका थिए । पहिलेदेखि नै मसालका प्रायः धेरै भारतमा हुने कार्यक्रममा उनको उपस्थिति हुने गर्दथ्यो । उनको नाम हो डी.आर. लामिछाने । हामीलाई भन्दा बढी मोहन विक्रमको बस-उठ जानकारी सबै उनलाई हुन्थ्यो । २०४६ सालको जनआन्दोलनपछि पार्टीमाथिको प्रतिबन्ध हट्यो । त्यसपछि दल नेताहरु पनि खुला भए । तर पनि मोहन विक्रम भने भूमिगत नै । कारण र रहस्य के थियो ? मसाल पार्टी र त्यसका नेताहरुमाथि त्यतिबेलादेखि अहिलेसम्म के खतरा थियो- भूमिगत हुने ? यो बडो रहस्यकै विषय छ । अब विस्तारै क. मोहन विक्रमको खुलापन र खुला जीवनपछि त्यसको रहस्य खुल्दै जानेछ । तैपनि मसाल पार्टी भने अहिले पनि खुला नभएको भूमिगत नै भएको भनिदैछ । त्यसैले फेरि पनि म भन्छु फाटेको जालले छेकेको छेके पनि छलङ्गै देखेको हेर गाउँले हो अब पनि यसको रहस्य के छ ?

मार्क्सवाद  वैज्ञानिक र भौतिकवादी यथार्थवाद हो । जस्तो छ त्यस्तै । मार्क्सवादीहरुले आफ्ना विचार सिद्धान्त र राजनीति साथै जीवनशैली सबै खुलम्खुला सावैजनिक रुपले जनतालाई भन्छन् । तर अवसरवादीहरु यसको ठीक विपरीत षड्यन्त्र, जालझेल, ढोङ र यस्तै रहस्यमाथि बसी राजनीति गर्छन् । अवसरवादको अन्तिम परिणाम विसर्जनवाद नै हो । जुन एउटा उदाहरण रिम जसको संस्थापकमध्येका एउटा नेता क. मोहन विक्रम पनि थिए । त्यसका प्रमुख अध्यक्ष वम अवाओकिङ जसको अध्ययन र लेखन मार्क्स-एंगेल्स र लेनिनभन्दा पनि बढी छ भनिन्थ्यो । तर अहिले मार्क्सवाद नै असफल भयो भन्दै हाम्रा बाबुराम भट्टराई जस्तै विसर्जनवादको वकालत गर्दैछन् ।

त्यस्तै त्यसका अर्का नेता भारतका डा. के भेनु थिए । उनका सैद्धान्तिक कक्षाहरु त मसाल पार्टीमा छँदा मैले पनि धेरै सुने । उनी रिमका यो क्षेत्रका क्षेत्रीय प्रतिनिधि थिए । आखिर अन्त्यमा उनी पनि मालेमावाद परित्याग गरी भारतीय कांग्रेस पार्टीको सदस्यसम्म बन्न पुगे । अब त्यसका अर्का नेता हाम्रा क. मोहन विक्रमले त धेरै पहिले नै रिम छोडी त्यस्तै अर्को अन्तर्राष्ट्रिय संगठनमा आबद्ध छन् ।

तर माओवादका कट्टर विरोधी मार्क्सवाद-लेनिनवाद र माओ विचारधारा भने पनि संसदवादका कट्टर हिमायती जसले मार्क्सवाद-लेनिनवाद र माओ विचारधारालाई पंगु बनाइसकेका छन् । परिस्थिति अनुरुप कहिलेकाहीं कार्यनीतिक रुपमा संसद उपयोग गरे पनि सरकार र सत्तामा जाने कुन मार्क्सवाद-लेनिनवादले भन्छ ? अझ माओवादमा त त्यस्ता कुरै नगरौ । एमाले-माओवादीहरुको यो प्रकट खुला संसदवाद हो भने मसालको छदम मार्क्सवाद-लेनिनवाद र माओवादी आवरणभित्रको संसदवाद हो जसको अन्तिम परिणाम विर्सजनवाद नै हो ।

# पानीजन्य रोग र उच्च गर्मीबाट जोगिने घरायसी उपाय



भोजराज पोखेल

यो वर्षा र गर्मीको समय हो । विशेषगरी यो समयमा गर्मी र दूषित पानीका कारण विभिन्न पानीजन्य रोगहरु लाग्नसक्ने सम्भावना अधिक रहन्छ । त्यसकारण गर्मी तथा पानीजन्य रोगबाट जोगिन निम्न अनुसारका उपाएहरु अपनाउन आम जनमानसलाई अनुरोध छ । यसले 'म जोगाउँछु मेरो स्वास्थ्य' र 'आफ्नो स्वास्थ्यको आफैं जिम्मेवारी' भन्ने भनाइलाई आत्मसात् गर्दै, यी उपायहरू अपनाएर हामी स्वस्थ रहन सक्छौं ।

- पानीजन्य रोगबाट बच्नका लागि सबैभन्दा महत्त्वपूर्ण र सजिलो उपाय भनेको पानीलाई राम्रोसँग उमालेर पिउनु हो। कम्तीमा १ मिनेटसम्म पानीलाई भकभकी उमाल्नुपर्छ ।

- सधैं खाना बनाउनुअघि, खाना खानुअघि, बिरामीलाई छुनुअघि, बच्चालाई खुवाउनुअघि, चर्पी प्रयोग गरिसकेपछि, बिरामीको स्याहार गरिसकेपछि, कीटनाशक प्रयोग गरिसकेपछि, र बाहिरबाट घर आएपछि साबुन पानीले मिचिमिची हात धुनु अनिवार्य छ ।

- अत्याधिक गर्मीका कारण थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाँउडिने, चक्कर आउने, बेहोस हुने मांसपेशीहरु दुख्ने, बान्ता हुने जस्ता लक्षणहरु देखिन सक्ने भएकाले यस्ता समस्या देखिएमा नजिकको स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्कमा रही आफ्ना समस्याको समाधानको लागी थप सल्लाह सुझाब लिने गर्नु पर्दछ ।

- उच्च गर्मीबाट बच्नको लागी अत्याधिक गर्मीको समयमा घरभित्र अर्थात चिसो स्थानमा बस्नु पर्दछ ।

- पानीको मुहान वरपर तारजाली लगाउने र पानी दूषित हुन नदिन खुला दिसा-पिसाब गर्न तथा गाईभैंसीलाई मुहानमा आउन नदिनुहोस् ।

- नियमित रुपमा पानी तथा झोलिलो पदार्थ फलफुलको रस, जुस तथा सर्बत प्रसस्त मात्रामा पिउनु पर्दछ ।

- खेतबारीमा तथा अन्य मेलापातका कामहरु सकभर बिहान वा बेलुकाको समय मिलाएर गर्नु पर्दछ ।



- सम्भब भएसम्म रुखको छहारी मुनि, सितल ठाउँमा, चिसो ठाउँमा वा पंखा भएको ठाउँमा बस्नु पर्दछ ।

- उच्च गर्मी तापक्रमबाट जोगीनको लागी चिसो पानीले नुहाउने, आवश्यकताअनुसार चिसो पानी पट्टीको प्रयोग गर्नुपर्दछ ।

- सडेगलेका, बासी, काँचो खानेकुरा तथा बजारमा माखा भन्केका खाद्य पदार्थहरू प्रयोग नगर्नुहोस् ।

- उच्च गर्मी तापक्रमबाट बच्नको लागि सकभर दिउँसोको समयमा घर अफिसबाट बाहिर ननिस्कने, यदी बाहीर निस्कनै परेमा पातलो कपडाले टाउको छोप्ने, हल्का तथा सुतिका कपडा लगाउने, टोपी लगाउने वा छाताको प्रयोग गर्ने ।

- खाना राम्रोसँग पकाएर मात्र खाने बानी बसाल्नु पर्दछ ।

- फलफूललाई सफा पानीले राम्ररी धोएरमात्र खानु पर्दछ ।

- सतही तथा जमिनको पानीको शुद्धता सम्बन्धित निकाएमा गएर चेक गराएर उक्त पानीको प्रयोग गर्ने । दूषित देखीएमा क्लोरीनको प्रयोग गरी शुद्ध गराई प्रयोग गर्ने ।

- मदीरा सेबन, चिया कफी सोडा जस्ता पेय पदार्थ, चिनिको मात्रा बढी भएका झोल पदार्थ सकभर प्रयोग नगर्ने ।

- अतिनै आवश्यक परेको बेलामा वा ट्रेकिङ वा हाईकिङमा जाँदा क्लोरीन ट्रयाब्लेट वा झोलले पानी शुद्ध बनाएर पिउने ।

- किटजन्य रोगबाट बच्न घरायसी तथा वातावरणीय सरसफाइ गर्ने ।

- लामखुट्टेले फुल पार्ने ठाँउ तथा पानी जम्मा हुने ठाउँ जस्तै टायर सिसी बोत्तल आदि हटाने, घरवरपरका खाल्डा खुल्डी पुर्ने ।

- लामो समय सम्म फ्रिजमा राखीएका खाद्य पदार्थहरु, धेरै चिसो बनाएर राखेको पानी कोक फेन्टा हरुको प्रयोग पनि सकभर नगर्ने ।

- लामखुट्टे तथा अन्य किटजन्य रोग बाट जोगिन लामो बाहुला भएको कपडा लगाउने पूरा शरिर ढाक्ने अनावश्यक साँझ वा राती बाहीर नजाने । जानै परे लामखुट्टे भगाउने क्रिम लगाउने । झुलको प्रयोग गर्ने । घरभित्र किटनासक झोल छर्ने । जम्मा भएको पानीमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने ।  पानीका स्रोतहरुलाई ढाक्ने । फोहोर पानीमा अनवाश्यक रुपमा नखेल्ने ।

- गर्मीको समयमा बिहान वा बेलुका एक पटक पकाएर फ्रिजमा राखेको दाल भात रोटी तरकारी जस्ता खाध्य पदार्थ हरु साँझ बिहान प्रयोग नगर्ने । जस्ता साबधानी अपनायौं भने उच्च गर्मी तापक्रम वा पानी जन्य रोगबाट हुन सक्ने समस्या बाट घरयासी तहबाटै बच्न वा जोगीन सकिन्छ ।

स्वास्थ्य खबरबाट

# उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि.
# Unnati Sanakarya Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था
दर्ता नं. : ११८१५९/२०७०/०७१

Central Office : Si.Na.Pa. –12, Rupandehi, Nepal Phone No. 071-571126, 571127

## Unaudited Condensed Statement of Financial Position (As per NFRS)

### As on Quarter Ended 32nd Ashadh 2082

*Nrs.*

| Particulars | The Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash & cash equivalents | 104,050,253.53 | 136,809,985.82 |
| Statutory balances and due from Nepal Rastra Bank | 36,090,000.00 | 81,090,000.00 |
| Placement with Bank & Financial Institutions | 40,000,000.00 | 40,000,000.00 |
| Derivative Financial Institutions | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to MFIs & Cooperatives | - | - |
| Loan & Advances to Customers | 3,761,927,455.35 | 3,572,028,235.00 |
| Investment Securities | 1,000,000.00 | 1,000,000.00 |
| Current Tax Assets | - | 11,076,912.94 |
| Investment Property | - | - |
| Property and Equipment | 31,962,890.82 | 35,081,697.57 |
| Goodwill and Intangible Assets | - | - |
| Deferred Tax Assets | 11,592,826.49 | 11,592,826.49 |
| Other Assets | 63,094,740.76 | 6,561,764.36 |
| **Total Assets** | **4,049,718,166.95** | **3,895,241,422.18** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 1,209,592,604.62 | 1,096,507,958.69 |
| Borrowings | 2,354,284,400.20 | 2,386,393,148.73 |
| Current Tax Liabilities | 11,393,641.96 | - |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | |
| Other Liabilities | 108,565,396.81 | 89,478,872.00 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **3,683,836,043.59** | **3,572,379,979.42** |
| **Equity** | | |
| Share Capital | 246,865,736.29 | 246,865,736.29 |
| Share Premium | - | - |
| Retained Earnings | 8,779,227.22 | (22,706,568.72) |
| Reserves | 110,237,159.85 | 98,702,275.00 |
| **Total Equity** | **365,882,123.36** | **322,861,442.57** |
| **Total Liabilities and Equity** | **4,049,718,166.95** | **3,895,241,422.18** |

## For the Quarter Ended of 32nd Ashadh 2082

*Nrs.*

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Interest Income | 145,668,307.38 | 542,820,976.93 | 130,004,526.07 | 514,855,839.21 |
| Interest Expense | 64,595,495.10 | 272,393,905.79 | 83,024,522.99 | 337,380,475.75 |
| **Net Interest Income** | **81,072,812.28** | **270,427,071.14** | **46,980,003.08** | **177,475,363.46** |
| Fee and Commission Income | 16,487,235.10 | 43,271,290.78 | 16,338,203.10 | 43,108,318.22 |
| Fee and Commission Expense | | - | - | - |
| **Net Fee and Commission Income** | **16,487,235.10** | **43,271,290.78** | **16,338,203.10** | **43,108,318.22** |
| Net Interest, Fee and Commisson Income | 97,560,047.38 | 313,698,361.92 | 63,318,206.18 | 220,583,681.68 |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | - | - | - | - |
| **Total Operating Income** | **97,560,047.38** | **313,698,361.92** | **63,318,206.18** | **220,583,681.68** |
| Impairment Charge/(Reversal) for Loans and Other Losses | (110,199.80) | 19,106,072.82 | (17,650,077.68) | 13,058,409.00 |
| **Net Operating Income** | **97,670,247.18** | **294,592,289.10** | **80,968,283.86** | **207,525,272.68** |
| **Operating Expenses** | **76,961,845.03** | **219,690,439.44** | **74,280,012.41** | **216,543,687.18** |
| Personnel Expenses | 50,748,861.85 | 152,384,735.28 | 47,219,274.36 | 149,056,032.95 |
| Other Operating Expenses | 26,212,983.18 | 67,305,704.16 | 27,060,738.05 | 49,890,930.78 |
| Depreciation & Amortisation | - | - | - | 17,596,723.45 |
| **Operating Profit** | **20,708,402.15** | **74,901,849.66** | **6,688,271.45** | **(9,018,414.50)** |
| Non Operating Income | - | - | - | - |
| Non Operating Expenses | | - | - | - |
| **Profit before Income Tax** | **20,708,402.15** | **74,901,849.66** | **6,688,271.45** | **(9,018,414.50)** |
| Income Tax Expenses | - | - | - | - |
| Current Tax | 6,212,520.64 | 22,470,554.90 | 2,006,481.43 | 4,949,951.40 |
| Deferred Tax | - | - | - | (4,509,096.15) |
| **Profit for the Period** | **14,495,881.50** | **52,431,294.76** | **4,681,790.01** | **(9,459,269.75)** |
| **Condensed Statement of Comprehensive Income** | **-** | **-** | **-** | **-** |
| Profit for the Period | 14,495,881.50 | 52,431,294.76 | 4,681,790.01 | (9,459,269.75) |
| Other Comprehensive Income | - | - | - | - |
| **Total Comprehensive Income** | **14,495,881.50** | **52,431,294.76** | **4,681,790.01** | **(9,459,269.75)** |
| Basic Earning per share (Annualized) | 21.24 | 21.24 | 7.59 | (3.83) |
| Diluted Earning per share (Annualized) | 21.24 | 21.24 | 7.59 | (3.83) |
| **Profit for the Period** | **14,495,881.50** | **52,431,294.76** | **4,681,790.01** | **(9,459,269.70)** |
| **Total** | **14,495,881.50** | **52,431,294.76** | **4,681,790.01** | **(9,459,269.70)** |

## Rations as Per NRB Directives

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Capital Fund to RWA (CAR) | 8.37% | 8.37% | 8.04% | 8.04% |
| Non-Performing Loan (NPL) to Total Loan | 4.73% | 4.73% | 3.03% | 3.03% |
| Total Loan Loss Provision to Total NPL | 53.98% | 53.98% | 49.84% | 49.84% |
| Cost of Funds | 7.73% | 7.73% | 9.92% | 9.92% |
| Credit to Deposit and Borrowing Ratio | 105.56% | 105.56% | 102.86% | 102.86% |
| Base Rate | 13.77% | 13.77% | 16.98% | 16.98% |
| Interest Rate Spread | 6.55% | 6.55% | 5.83% | 5.83% |

**Interest rate**

| | |
|---|---|
| Deposit | 7.5%-8.5% |
| Loan & Advance | 8%-15% |

## Details about the Distributable Profit for the 4th Quarter 2082

| Particulars | Nrs. |
|---|---|
| Net Profit for the period end 4th Quarter | 52,431,294.76 |
| 1. Appropriations | |
| **1.1 Profit required to be appropriated to:** | **11,534,884.85** |
| a. General Reserve | 10,486,258.95 |
| b. Capital Redemption Reserve | - |
| c. Foreign Exchange Fluctuation Fund | - |
| d. Corporate Social Responsibility | 524,312.95 |
| e. Employee Training Fund | - |
| f. Client Protection Fund | 524,312.95 |
| g. Staff Welfare Fund | - |
| h. Other | - |
| **1.2 Profit required to be transferred to Regulatory Reserve:** | **-** |
| a. Transfer to Regulatory Reserve | - |
| b. Transfer from Regulatory Reserve | - |
| 2. Profit not eligible for distribution | |
| **Net Profit for the period end 4th Quarter available for distribution** | **40,896,409.91** |

**Notes**

1 The above Financial Statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).
2 The Loans and Advance includes interest receivable & Staff Loans and are presented net of impairment loss.
3 Adjustment of Employee Benefits shall be done after receiving Actuarial Valuation report.
4 Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison
5 The above figures are subject to change as per the direction of Regulators and/or External Auditors.
6 Adjustment related to NFRS has been transferred to the Regulatory Reserve.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनूसुची १४( नियम २६ को उपनियम (१) संग सम्बन्धित ) आ.व. २०८१/८२को चौथो त्रैमासिक प्रतिवेदन

**१.वित्तीय विवरण :**

(क) वित्तीय संस्थाको आ.व.२०८१/८२ को चौथो त्रैमासिक अबधिको वासलात र नाफा-नोक्सान हिसाब सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ। यस वित्तीय संस्थाको वेभसाइट : www.unnatislbs.com.np मा पनि राखिएको छ।

**(ख) प्रमुख वित्तीय अनुपातहरु :**

| प्रतिशेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रतिशेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| २१.२४ | ८६.२१ | १४८.२१ | १६४०.४५ | ३.९३ |

२. **व्यवस्थापकिय विश्लेषण :**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण** : समीक्षा अवधिमा वित्तीय संस्थाको कारोवारको बृद्धिसंगै सदस्य सँख्या, लगानीमा रहिरहेको कर्जा बचत कारोवार, आम्दानी र तरलतामा परिवर्तन भएको छ। गत आ.व. को सोही अवधिको तुलनामा समीक्षा अवधिमा ब्याज आम्दानीमा वृद्धि र व्याज खर्चमा कम हुन गई सञ्चालन मुनाफामा वृद्धि भएको छ। समीक्षा अवधिको कर्जा बचत तथा मुनाफाको स्थिति सम्बन्धमा वित्तीय विवरणले प्रष्ट पारेको छ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : राष्ट्रियस्तर कार्य क्षेत्र भएकोयस वित्तीय संस्थाले हालसम्म २८ जिल्लामा ८२ वटा शाखाहरु मार्फत आफ्नो कारोवार संचालन गरिरहेको छ। संस्थाले कृषि, पशुपालन तथा लघुउद्यम, साना ब्यवसाय संचालनका लागि विशेष गरी महिलालाई केन्द्रीत गरेर लघुवित्त सेवा उपलब्ध गराउदै आएको छ। समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिस्कृत गर्दै लैजान ब्यवस्थापन प्रतिवद्ध रहेको छ। लघुवित्तको पहुँच नपुगेको जिल्ला तथा ग्रामीण क्षेत्रमा कार्यक्रम विस्तार गर्न प्राथमिकता दिइनेछ। अगामी अबधिको व्यवसायिक योजनामा व्यवसाय विस्तारको लागि बचत संकलनलाई विशेष प्राथमिकतामा राखिनुको साथै कर्मचारीको उत्पादकत्व बृद्धि गर्न र ग्राहकमैत्री कार्यक्रम संचालनका लागि तालिम कार्यक्रमलाई जोड दिईनेछ।

(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** : बर्तमान परिस्थितिमा वैक तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने थोक कर्जा सापट रकमको ब्याजदरमा केही स्थिरता आएको भएता पनि लघुवित्त वित्तीय बजारमा श्रोतको परनिर्भरता, लघुवित्त क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धा,कर्मचारीहरुवाट छिटो छिटो संस्था परिवर्तन गर्ने, लघुवित्त वित्तीय संस्था विरुद्धका विभिन्न गतिविधि जस्ता कुराहरुले असर गर्न सक्ने भएता यस्ता घट्नाबाट पर्न सक्ने असरबाट सचेत भई संस्थाले तय गरेको नीतिबाट हाल देखिएका समस्याहरु समयमै समधान गर्दै लैजाने योजना रहेको छ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण :**

क) त्रैमासिक अवधिमा वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए सोको कुनै सूचना प्राप्त भएको छैन।

(ख) वित्तीय संस्थाका संस्थापकवा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क) दोस्रो बजारमा हुने शेयर सम्बन्धी कारोबारका लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सूचिकृत गराएको छ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाईट www.nepalstock.com अनुसारल त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोवार निम्न अनुसार भएको देखिन्छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार कुल दिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| २०७५ | १६८५ | १८३१.०३ | ६३ | ४९६३१२ |

५. **समस्या तथा चुनौती :**

लघुवित्त क्षेत्र विरुद्ध संघर्ष समितिको नामबाट भएका विभिन्न अवान्छित कृयाकलापहरुले गर्दा कर्जा असुलीमा समस्या, राष्ट्रिय तथा विश्व अर्थतन्त्रमा आएको संकुचनको कारण सृजित समस्याले ऋणीहरुको व्यवसाय तथा आयआर्जन खुम्चिएकोले लघुवित्त क्षेत्रको असुली तथा मुनफा आगामी दिनमा अझ बढी प्रभावितहुन सक्ने अनुमान गर्न सकिन्छ। ऋणीहरुको कर्जामा दोहोरोपना त्यस्तै लघुवित्त संस्थाहरु विचमा अस्वस्थ प्रतिस्पर्धा, दक्ष जनशक्तिको अभाव, नियमक निकायबाट नीति नियमहरुमा हुने परिवर्तन उत्पादित वस्तुको बजारको अभाव जस्ता चुनौतिहरु प्राकृतिक तथा अन्य विपतीहरुबाट सृर्जना हुने परिस्थितीहरुबाट हुन सक्ने चुनौतिहरु समाना गर्नु परेको छ।

६. **संस्थागत सुशासन :**

(क) **नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरुको पालना गर्नुको साथै प्रचलित ऐनहरु** : कम्पनी ऐन २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०७३, आयकर ऐन २०५८ आदि पालना गरिएको छ।

(ख) संस्थागत सुशासन परिपालनाको लागि वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा सुविधा विनियमावली, आर्थिक प्रशासन विनियमावली, सूचना तथा प्रविधी प्रणाली निर्देशिका, जोखिम ब्यवस्थापन नीति, कर्जा नीति, आन्तरिक लेखा परीक्षण नीति, ग्राहक पहिचान कार्यविधि,लगानी नीति नगद कारोवार व्यवस्थान निर्देशिका सम्पति दायित्व ब्यवस्थापन निर्देशिका,कर्मचारी पारिश्रमिक निर्धारण नीति, कर्मचारी दक्षता अधिवृद्धि सम्वन्धि कार्यविधि, सञ्चालक निर्वाचन निर्देशिका, सञ्चालक शिक्षा कार्यक्रम कार्यविधि, समूह सञ्चालन निर्देशिका, ग्राहक संरक्षणकोष सञ्चालन कार्यविधि,कर्मचारी मोटरसाइकल कर्जा निर्देशिका, कर्मचारी सामाजिक कर्जा कार्यविधि, संस्थागत सामाजिक उत्तरदायित्व कोष सञ्चालन कार्यविधि आदि नीति नियम तथा निर्देशिका बनाई पालना गरिएको छ।

(ग) वित्तीय संस्थाले आफ्नो कारोवारलाई चुस्त, दुरुस्त छिटो छरितो एबं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समिति तहमा लेखापरीक्षण समिति, जोखिम ब्यवस्थापन समिति , कर्मचारी सेवा सुविधा र सम्पत्ति शुद्धिकरण अनुगमन समिति गठन गरेको छ।

**७.सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु, कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना र जानकारीहरु लुकाईएको छैन।

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



विदेशमा रहेका आफन्तसँग  कुरा गर्दै वृद्धा

रुकुम पूर्वको भुमे गाउँपालिका-६ स्थित महत गाउँकी वृद्धा मोबाइलफोनमार्फत् विदेशमा रहेका आफन्तसँग भिडियो कलमा कुराकानी गर्दै । प्रविधिको विकाससँगै दुर्गम बस्तीमा सञ्चार सेवा सहज बन्दै गएको छ । तस्विरः कुलदीप न्यौपाने / रासस

## मृत्युदर तथा कुपोषण न्यूनीकरण गर्न लागिपरेका छौंः सारु




**गौरीशंकर जयसवाल**
*परासी*

लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेमबहादुर सारुले स्वास्थ्यमा नगारिकहरुलाई स्वस्थ्य सेवा पहुँचमा पुऱ्याउनको लागि स्वास्थ्य सेवाको सुनिश्चितता गरिएको बताएका छन् । उनले प्रदेश सरकार स्वास्थ्य सेवा सुरक्षित गर्न अभियनामा लागेको बताए ।

बिहीबार पश्चिम नवलपरासीमा स्वास्थ्य कार्यालय नवलपरासीले भुमहीमा आयोजना गरेको समुदायस्तरमा पारिवारिक स्वास्थ्य प्रोफाइल तयारीसम्बन्धी सरोकारवालाहरुसँग अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री सारुले स्वास्थ्य सेवालाई गुणस्तर सेवा प्रवाह गर्न र सबै स्वास्थ्य संस्थामा सुशसान गर्न जरुरी रहेको जनाए ।

सुशासन जवाफदेहीता र पारदर्शिता गुणस्तरीय सेवा प्रवाह गर्न प्रदेश सरकारले प्रमुख प्राथमिकता राखेको र मातृ मृत्युदर, शिशु मृत्युदर तथा कुपोषण न्यूनीकारण गर्नतर्फ सरकार लागिपरेको मन्त्री सारुको भनाइ थियो ।

प्रदेश सरकारले स्वास्थ्य विषयलाई गम्भीरता साथ लिएर स्वास्थ्य क्षेत्रमा काम अगाडि बढाएको बताउँदै उनले आर्थिक वर्ष २०८१/०८२ मा स्वास्थ्य मन्त्रालयले ८८ प्रतिशत वित्तीय प्रगती गरेको बताए ।

स्वास्थ्य मन्त्रालयले महिलाहरुलाई पाठेघर खस्नेसम्बन्धी निःशुल्क शिविर सञ्चालन गरी न्यूनीकरणतर्फ ध्यान दिइएको उनले जनाए । जिल्ला अस्पतालहरुमा नागरिकहरुलाई स्वस्थ्य सेवा गुणस्तरी दिनको निम्ती विशेषज्ञ सेवा दिइरहेको मन्त्री सारुले बताए । नवलपरासी जिल्लामा समुदायस्तरमा पारिवारिक स्वास्थ्य प्रोफाइल तयारी कार्यक्रम लागू भएको छ ।

प्रदेशको ३ जिल्लाहरुमा समुदायस्तरमा पारिवारिक स्वास्थ्य प्रोफाइल तयारी कार्यक्रम सञ्चालनमा छ, जसमा बाँके, पाल्पा र अर्घाखाँचीमा सञ्चालनमा रहेको छ भने नवलपरासीसहित ४ वटा जिल्लामा समुदायस्तरमा पारिवारिक स्वास्थ्य प्रोफाइल तयारी कार्यक्रम लागू भएको जिल्ला स्वास्थ्य कार्यालय नवलपरासीका प्रमुख अंगदबहादुर शाहीले जानकारी दिए । खोप पोषण मातृ स्वास्थ्य र मोबाइल स्वास्थ्य तथा परिवार स्वास्थ्य प्रोफाइल गरिनेछ । गर्भावास्थादेखि २ वर्ष मुनिका बालबालिकाहरुको पोषण तथा स्वास्थ्य अवस्था पहिचान गरी समयमै उचित सेवा प्रदान गर्न कार्यहरु गरिने प्रमुख शाहीले जानकारी दिए । प्रत्येक घरधुरी, परिवारका सदस्य गर्भवती र ५ वर्षमुनिका बच्चाहरुलाई वास्तविक अवस्था जानकारी उपलब्ध गराउने, प्रत्येक बच्चा र गर्भवतीलाई दर्ता गरी स्वास्थ्य सेवा र समन्वय सुनिश्चिता गर्न सामुदायिक स्वास्थ्य टुलकिटको प्रयोगमा र संस्थागत प्रसूतिदर वृद्धि गर्न मद्दत गर्नेछ । प्रदेशको ३ जिल्लाहरुमा समुदायस्तरमा पारिवारिक स्वास्थ्य प्रोफाइल तयारीबारे मनबहादुर वली र परिवार स्वास्थ्य प्रोफाइलको प्रस्तुतिकरण पवन वैश्यले गरेका थिए । कार्यक्रम जिल्ला समन्वय समितिका प्रमुख भगौती यादव, सात वटा पालिकाका प्रमुखहरुले कार्यक्रमको प्रभाकारिताबारे धारणा राखेका थिए ।

## नागरिक उन्मुक्ति पार्टीको अध्यक्षमा लालवीर



बुटवल । नागरिक उन्मुक्ति पार्टीले लालवीर चौधरीलाई अध्यक्ष बनाउने निर्णय गरेको छ । काठमाडौंमा सम्पन्न पार्टीको राष्ट्रिय भेलाले प्रतिनिधिसभा सदस्यसमेत रहेका लालवीरलाई सर्वसम्मत अध्यक्ष बनाउने निर्णय गरेको सो पार्टीका सांसद अरुणकुमार चौधरीले जानकारी दिए । उनका अनुसार पार्टीका केन्द्रीय सदस्यहरुको आह्वानमा काठमाडौंमा यही असार १४ र १५ गते पार्टीको राष्ट्रिय भेला आयोजना गरिएको हो ।

पार्टीलाई अनिर्णयको बन्दी बनाएको र डेढ वर्षदेखि केन्द्रीय समिति बैठक नबसेको तथा पार्टीलाई चलायमान बनाउन नसकेकाले नयाँ निर्णय लिनुपरेको सांसद चौधरीले बताए ।

यसैबिच पार्टीको अध्यक्ष पदको जिम्मेवारीबाट हटाइएकी रञ्जिता श्रेष्ठले भने पार्टी विधानविपरीत भएको निर्णय आफूलाई मान्य नहुने बताइन् । उनले भनिन्- "मलाई जानकारीसमेत नदिइ राष्ट्रिय भेला बोलाएर नयाँ अध्यक्ष चयन गरिएको छ । यो विधानविपरीत हो । अब मैले कानुनी उपचार खोज्छु ।"

लालवीर नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीका बुबा हुन् । प्रतिनिधिसभा सदस्यसमेत रहेकी रेशम पत्नी रञ्जितालाई बुधबार पार्टीले अध्यक्ष पदबाट हटाएको थियो । विसं २०७८ मा नागरिक उन्मुक्ति पार्टी गठन भएको हो । तत्कालीन समयमा रेशम चौधरी जेलभित्र भएकाबेला उनकी पत्नी रञ्जिताको अध्यक्षतामा पार्टी निर्वाचन आयोगमा दर्ता भएको थियो ।

जेलबाट रिहा भएपछि २०८० पुसमा पहिलो महाधिवेशनबाट रेशम पार्टीको अध्यक्ष बनेका थिए । यद्यपि, निर्वाचन आयोगले वैधता नदिएपछि नाउपा पुरानै कार्यसमितिमा फर्केको थियो । रेशम निर्वाचन आयोगको उक्त निर्णयविरुद्ध सर्वोच्च अदालत गएका थिए । हाल उक्त मुद्दा विचाराधीन छ ।

## गुल्मीमा ८७ प्रतिशत क्षेत्रफलमा रोपाइँ



गुल्मी । जिल्लाका किसानहरू वर्षा सुरु भएसँगै रोपाइँमा व्यस्त बनेका छन् । केही ठाउँमा पानीका मुहान नफुटेकाले टारीहरूमा रोपाइँ नभए पनि जिल्लाका अधिकांश स्थानमा यस वर्ष समयमै रोपाइँ भएको हो ।

जिल्लास्थित कृषि ज्ञान केन्द्रले साउन दोस्रो सातासम्ममा जिल्लामा ८७ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको जनाएको छ । केन्द्रका गुल्मीका सूचना अधिकारी शिवप्रसाद बञ्जाडेले जिल्लामा सात हजार ९८८ हेक्टर क्षेत्रफलमध्ये ६ हजार ९५० हेक्टरमा रोपाइँ भएको जानकारी दिए ।

गत वर्षको तुलनामा यस पटक रोपाइँको प्रतिशत बढेको बताउँदै गत वर्ष यस अवधिसम्ममा ७६ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको उल्लेख गरे । समयमा पानी परेकाले यस पटक छोटो अवधिमा पनि बढी रोपाइँ भएको उनको भनाइ छ ।

रोपाइँको प्रतिशत बढेपनि खेतीयोग्य क्षेत्रफल भने घट्दै गएको बताउँदै बञ्जाडेले धान उत्पादन हुनेमध्ये यस वर्ष जिल्लामा ९० प्रतिशत क्षेत्रफलमा रोपाइँ हुने अनुमान गरिएको जानकारी दिए । यहाँ हंसराज, झोप्री, थापचिनी, पाखे, मार्सी, रातो मार्सी, जडन, झिनुवालगायत स्थानीय तथा साँवा मन्सुली, खुमल-१, खुमल-४, हिमाली हाइब्रिड, रामधानलगायत उन्नत जातका धानखेती हुँदै आएको केन्द्रले जनाएको छ ।

धान रोपाइँको क्षेत्रफल घट्नुको मुख्य कारण जनशक्तिको अभाव, बढ्दो बसाइँसराइ, गोरुको अभाव, समयमा जोत्नका लागि ट्र्याक्टर नपाउने, खोलाको कटान, महँगो ज्यालालगायत समस्या रहेका कृषि ज्ञान केन्द्रका प्रमुख नरेश धितालले बताए । उनका अनुसार जिल्लामा धान उत्पादनको कूल क्षेत्रफलमध्ये गत वर्ष चैते धान एक हजार २८६ र वर्षे धान २३ हजार १४० मेट्रिकटन उत्पादन भएको हो ।

जिल्लामा बडिगाड फाँट, चौरासी फाँट, छल्दी, निस्ती, पनाहा, सुदी, खैरेनी, कुमालटारी, खर्ज्याङ्ग, शान्तिपुर, मजुवालगायत फाँटहरू धान उत्पादनका लागि पकेट क्षेका रूपमा रहेका प्रमुख धितालले जानकारी दिए । गुल्मीमा करिब पाँच सय हेक्टर क्षेत्रफलमा चैते धान रोपिन्छ । यहाँ धानबाली मकैपछिको दोस्रो प्रमुख खाद्यान्न बालीअर्न्तगत पर्दछ ।

उपमेयरसहित वडाध्यक्षलाई कारबाही गर्न माग

## नगरपालिकामा भएका बेथिति तत्काल सच्याउनु पर्ने




नवलपरासी । सुनवल नगरपालिकामा प्राविधिक कर्मचारी हटाउने विषयलाई लिएर नेकपा एमालेभित्र समेत प्रवेश पाएको छ । एमाले सुनवल नगर कमिटीले आयोजना गरेको जनप्रतिनिधि र पार्टीबिचको अन्तरकृयामा उपमेयरसहित वडाध्यक्षलाई कारबाही गर्न माग गरिएको थियो ।

सुनवल नगर पालिकाका नगर उप-प्रमुख सूर्यप्रसाद दुबे, वडा नं. १३ का अध्यक्ष एवं प्रवक्ता कृष्णप्रसाद बगाले र वडा नं. २ का अध्यक्ष राजेन्द्र यादवमाथि कारबाही गर्नुपर्ने माग अन्तरकृया कार्यक्रममा नगरप्रमुख विमला आर्यालले उठाएकी हुन् । नगरपालिकाका करारमा रहेका कर्मचारीलाई नगरपालिकामा हाजिर नगराउनेसम्बन्धी निर्णयलगायतको विरोध गरेको भन्दै उप-प्रमुख सूर्यप्रसाद दुवे र वडाध्यक्षलाई कारबाही गर्नुपर्ने माग उठाइएको थियो ।

उक्त अन्तरकृयामा एमाले केन्द्रीय सदस्य तथा सुनवल नगरपालिकाकी नगर प्रमुख विमला अर्याल र लुम्बिनी प्रदेश कमिटी सदस्य थानप्रसाद गैरेले उप-मेयर सूर्य दुवेसहित वडा अध्यक्षलाई अन्तरकृया हलबाटै कार्बाहीको माग गरेका थिए । सोमबार दिउँसो ३ बजेदेखि सुरु भएको अन्तरकृया कार्यक्रम मध्यरात चलेको थियो । अन्तरकृयामा सुनवल नगरपालिकामा भएका गतिविधि बाहिर सञ्चारमाध्यममा जाने गरेको विषयमा सबैभन्दा धेरै समय भनाभन भएको बताइएको छ ।

एमाले पार्टीको अन्तरकृया कार्यक्रममा कार्बाही विषय उठेपछि जिल्ला अध्यक्ष दीपेन्द्र अधिकारीले जिल्लाको पदाधिकारी बैठकमा छलफल गरेर अगाडि बढ्ने बताएका थिए । निर्वाचनदेखि नै सुनवलमा नगरप्रमुख अर्याल र उप-प्रमुख दुवे, वडाध्यक्षहरु र कार्यपालिका सदस्यहरुबिच टकराव चल्दै आएको छ ।

करार कर्मचारी हटाउने विषयमा बहुमत वडाध्यक्षहरुले हस्ताक्षर दुरुपयोग गरिएको भन्दै उक्त निर्णय सच्याउन माग गर्दै आएका छन् । वडाध्यक्षहरुकै माग अनुरुप उप-प्रमुख दुवेले नगरप्रमुख अर्याल जिल्ला बाहिर भएको समयमा तत्कालको लागि निर्णय कार्यान्वयन नगर्न भनेका थिए । त्यसपछि नगरप्रमुख अर्यालले सामाजिक सञ्जाल फेसबुकमा लेख्दै निर्णय कार्यपालिकाको सर्वसम्मतविपरीत निर्णय भएकोले अराजक नमच्काउन्न चेतावनी दिएकी थिइन् । त्यसैगरी दुवेले कुनै कर्मचारीलाई अपमान जनक तरिकाले हटाउन नहुने वडाहरुको मागलाई सम्बोधन हुनेगरी अगाडि बढेको बताए । उनले भने नगरप्रमुख बाहिर भएकोले बहुमत वडा अध्यक्षको माग सम्बोधन हुने गरी काम गरेको बताए । यसैबिच कर्मचारी हटाइएको र पुनःहाजिर गराउनुपर्ने माग गर्दै बुधबार ८ जना वडाध्यक्षले नगरप्रमुख विमला अर्याललाई ज्ञापन पत्र बुझाएका छन् ।

वडाध्यक्षहरुले हस्ताक्षर दुरुपयोग गरिएको र मितवेयिताका नाममा नगरप्रमुख अर्यालले दोहोर चरीत्र देखाएको बताएका छन् । कतिपय क्षेत्रमा मनपरि खर्च गर्ने र आफ्नालाई पोस्ने काम भएको भन्दै विपद् व्यवस्थापनको मनपरि खर्च, नातापाता र पक्षपात पूर्ण भर्ना, स्वास्थ्य शाखामा अनियमितता, स्कारपीयो गाडी खरिदलगायतका विषयमा छानबिन गरी दोषीमाथि कार्बाही गर्न माग गरेका छन् ।

उता नेपाली कांग्रेस सुनवल नगर समितिले बिहीबार नगरपालिकामा भएका बेथिति तत्काल सच्याउनु पर्ने माग राखेर सुनवल नगरपालिकामा ज्ञापन पत्र बुझाएको छ । सुनवल नगरपालिकामा कविर ९० जना ज्यालादारी कर्मचारी रहेको भए पनि हालै केही कर्मचारीलाई हाजिर नगराएपछि सुनवल नगरपालिकामा विवाद श्रृजना भएको छ । नेपाली कांग्रेस नगर कार्य समिति सुनवलका सभाति सोमबहादुर रायमाझीद्वारा हस्तारक्षित विज्ञप्तिमा नगरपालिकामा भएका गतिविधिको तत्काल समाधान नभए कठोर कदम चाल्ने ज्ञापनपत्रमा जनाइएको छ ।

नगरपालिकामा दिन प्रतिदिन विवाद उठन् थालेपछि सुनवल नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेषकान्त पौडेल असाढ मसान्तदेखि कार्यालयमा हाजिर भएका छैनन् । उनी सरुवाका लागि मन्त्रालय गएको बताइएको छ ।

## बुटवल अटोको ३०औं स्थापना दिवस




बुटवल । बुटवल अटो इञ्जिनियरिङ एशोसियसन रुपन्देही लुम्बिनीले आफ्नो स्थापना दिवसको अवसरमा आयोजना गरेका विभिन्न रचनात्मक कार्यक्रमहरू समापन गरेको छ ।

अटो इञ्जिनियरिङ क्षेत्रमा उत्कृष्ट नाम कमाएको संस्थाले साउन ४ गतेबाट स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रमसहित सुरु गरेको स्थापना दिवसका कार्यक्रम बिहीबार समापन गरेको हो ।

समापन कार्यक्रममा बोल्दै बुटवल २ का वडा अध्यक्ष सुनिल शाक्यले बुटवलको पहिचान अटोभिलेजले बनाएको बताउँदै अझै गुणस्तरीय कार्य गर्दै यो क्रमलाई निरन्तरता दिन आग्रह गरे । उनले वडा तथा नगरको बजेटबाट यहाँका जनशक्तिको क्षमता अभिवृद्धि गर्नेलगायतका विभिन्न कार्यहरूको लागि वडाले बजेट विनियोजन गरेको उल्लेख गरे ।

कार्यक्रममा बोल्दै संस्थाका संस्थापक अध्यक्ष खड्गबहादुर गौतमले स्थापना दिवस भन्नु संस्थाको जन्मदिन भएकोले स्थापनाको उद्देश्य अनुसारका गतिविधिमा संस्थालाई चलायमान बनाउन आग्रह गरे ।

नेपाल अटो मेकानिक्स व्यवसायी महासंघका निवर्तमान अध्यक्ष जर्नादन गैरेले देशभर नै व्यवसायीलाई सङ्गठित गर्दै बुटवलले नेतृत्व लिने गरी कामहरू भइरहेको बताउँदै महासंघको भवन बुटवलमा रहनु महत्त्वपूर्ण कुरा रहेको उल्लेख गरे ।

संस्थाका निवर्तमान अध्यक्ष तथा नेपाल अटो मेकानिक्स व्यवसायी महासंघका सचिव तुल्सिराम न्यौपानेले संस्थाको गतिशीलताले व्यवसायीहरूका समस्या समाधानमा उत्प्रेरित भएको उल्लेख गरे ।

संस्थाका अध्यक्ष प्रेम गौचनले साउन ६ गते वृक्षरोपण, ९ गते ब्याडमिन्टन तथा १९ गते फुटसल प्रतियोगिता सञ्चालन गरेको बताउँदै मैनाबगर अटो भिलेजलाई सौन्दर्यीकरणलगायतका कामहरू भइरहेको दाबी गरे ।

सो अवसरमा स्थापना दिवसमा भएका प्रतियोगिताका विजेता तथा उपबिजेतालाई पुरस्कार प्रदान गर्नुका साथै कार्यक्रम संयोजकहरूलाई सम्मान समेत गरिएको थियो । उद्योग उपाध्यक्ष ध्रुवराज भुसालको स्वागत तथा महासचिव पुनीत पोखरेलको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com